# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मोरंग, विराटनगर
## १ नं. प्रदेश नेपाल

विद्युतिय सामानहरु खरिदको लागि वोलपत्र आव्हानको

॥ सूचना ॥

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७९/०४/०६

१. विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले विद्युतिय सामाग्री खरिद गर्न ई. विडिङ्ग को माध्यमवाट यो वोलपत्र आव्हान गर्दछ ।

२. योग्य वोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा वोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा www.bolpatra/egp.gov.np मा login गर्न सकिनेछ ।

३. शिलवन्दी वोलपत्र सम्वन्धी कागजात यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३० औं दिनसम्म कार्यालय समय भित्र रु.३०००। तिनहजार कृषि विकास बैंक विराटनगरमा रहेको यस महानगरपालिकाको आम्दानि खाता न. ०६०१६०११४५९७३११३ मा फिर्ता नहुने गरि जम्मा गरेको भौचर upload गर्नुपर्नेछ ।

४. इच्छुक फर्म, कम्पनी वा संस्थाले वोलपत्र खरिद गर्दा आ.व. २०७९।०८० सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, नागरिकताको प्रमाणपत्र र आ.व. २०७७।७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु, न.पा. व्यवसाय प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५. वोलपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन सम्म दिनको १२ बजे भित्र www.bolpatra/egp.gov.np मा upload गर्नुपर्नेछ साथै के कामको लागि वोलपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना फोन न. समेत खुलाई पेश गर्नुपर्नेछ ।

६. पेश भएका वोलपत्रहरुको हकमा ३१ औं दिन दिनको १ बजे वोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।

७ वोलपत्र दाखिला वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८ वोलपत्र साथ यस कार्यालयको कृषी विकास बैंक मुख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता.नं.०६०१६०११४५९७३०३२ मा रु.२१००००। (दुईलाख दश हजार) जम्मा गरेको सक्कल भौचर वा मान्यताप्राप्त वैकंवाट कम्तीमा १२० दिनको मान्यता भएको वैकं ग्यारेन्टी संलग्न राख्नुपर्नेछ ।

९. वोलपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

१० वोलपत्र फाराममा उल्लेखित सम्पुर्ण आईटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ आशिंक रुपमा भर्न पाईने छैन ।

११. वोलपत्र, आंशिक रुपले स्वीकार गर्ने वा पुर्ण रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२. स्पेशिफिकेसन अनुसारको विद्युतिय सामाग्रीहरु खरिद आदेश पाएको मितिले ७ सात दिन भित्र विराटनगर महानगरपालिकामा उपलव्ध गराउनु पर्नेछ ।

१३ . स्पेशिफिकेसन अनुसारको विद्युतिय सामाग्रीहरु नियमानुसार Replace गर्नु परेमा वडा कार्यालयवाट प्राप्त गरेको विद्युतिय सामाग्रीहरु सम्वन्धित वडा कार्यालयमा सम्पर्क गरी १ (एक) महिना भित्र Replace गरी सक्नुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको वोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१५. स्वयं घोषणपत्र समावेश गर्नुपर्नेछ । खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझि र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात वोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ ।

१६. रकम भुक्तानी गर्दा १.५ प्रतिशत आयकर, १.५ प्रतिशत न.पा. शूल्क र ५ प्रतिशत धरौटी वापतको रकम प्राप्त हुने विलको रकम वाट कट्टा गरी भूक्तानी गरिनेछ ।

१७. विचमा मुल्यवृद्धि भएमा सो को दावि गर्न पाइने छैन , उल्लेख भएको दररेट आ.व. २०८० आषाढ मसान्त सम्म कायम रहनेछ । HARD COPY उपलब्ध गराईने छैन ।

<u>कामको विवरण</u>

| सि. नं. | खरिदको प्याकेज | खरिदको माध्यम | फाराम दस्तुत | जमानत रकम | सूचना | लागत स्टीमेट (भ्याट वाहेक |
|---|---|---|---|---|---|---|
| १. | विद्युतिय सामाग्रीहरु | वोलपत्र (ई. विडिङ्ग) | ३०००। | २१०००० । | ३० दिन | ७४,१८,५००। |